# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२ ] काठमाडौं चैत्र २२ गते २०२९ साल [ अतिरिक्ताङ्क ५९

श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको

### सूचना

"नगर निर्माण योजना कार्यान्वयन ऐन २०२९" को दफा ३ प्रयोग गरी श्री ५ को सरकारले मिति २०२९।१२।२२।४ को निर्णयबमोजिम "धनकुटा नगर योजना" स्वीकृति गरेकोले सर्वसाधारणको जानकारीका निमित्त यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले–
रामचन्द्र मलहोत्र
श्री ५ को सरकारको सचिव

४१२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको

## सूचना

नगर निर्माण योजना कार्यान्वयन ऐन २०२६ को दफा ४ प्रयोग गरी श्री ५ को सरकारले मिति २०२६।१२।२२।४ को निर्णयबमोजिम "धनकुटा नगर योजनाको कार्यान्वयन समिति" देहाय अनुरूप गठन गरेकोले सर्वसाधारणको जानकारीका निमित्त यो सूचना प्रकाशित गरिएको छ।

१. समिति गठन विधि

(क) अध्यक्ष: कोशी अञ्चलका अञ्चलाधीश

(ख) उपाध्यक्ष: धनकुटा जिल्लाका प्रमुख जिल्ला अधिकारी

(ग) सदस्य: अध्यक्षले आवश्यकता अनुसार समय समयमा तोकेका बढीमा पन्ध्र जना व्यक्ति

(घ) सदस्य-सचिव: अध्यक्षले तोकेको कुनै एक जना व्यक्ति

२. समितिले आफ्नो आन्तरिक कार्य व्यवस्था र कार्यविधि आफै निर्धारित गर्न सक्नेछ।

आज्ञाले-
रामचन्द्र मलहोत्र
श्री ५ को सरकारको सचिव

४१६

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।